# तानसेन नगरपालिका

## तानसेन नगरकार्यपालिकाको कार्यालयका

## तानसेन, पाल्पा

## लुम्बिनी प्रदेश नेपाल

प्रथम पटक प्रकाशित मितिः २०८३।०३।३२ गते

### नगरक्षेत्र भित्र तोकिएको स्थानमा पार्किङ्ग शुल्क संकलन गर्ने, नगरक्षेत्रबाट निकासी हुने जडीबुटी, कवाडी, जीवजन्तुकर संकलन गर्ने, रानीमहलको प्रवेश शुल्क संकलन गर्ने, बिज्ञापन कर उठाउने ठेक्का सम्बन्धि सिलवन्दी दरभाउ तथा वोलपत्र आव्हानको सूचना

तानसेन नगरपालिका, नगरकार्यपालिका कार्यालयबाट आर्थिक ऐन २०८३ को दफा १८ र आन्तरिक आय संकलन तथा आय (ठेक्का वन्दोबस्त) सम्बन्धि कार्यविधि २०८० को परिच्छेद २ दफा ३ को व्यवस्था बमोजिम आगामी आ.व. २०८३/०८४ का लागि **नगरक्षेत्र भित्र तोकिएको स्थानमा पार्किङ्ग शुल्क संकलन गर्ने, नगरक्षेत्रबाट निकासी हुने जडीबुटी, कवाडी, जीवजन्तुकर संकलन गर्ने, रानीमहलको प्रवेश शुल्क संकलन गर्ने, बिज्ञापन कर उठाउने** कार्य ठेक्काको माध्यमबाट गर्नु पर्ने भएकोले ठेक्का गर्नको लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी देहाय बमोजिमको मिति र समय भित्र यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको खाता नं. ३०३०१००३०१०१०००४ ग-१-१ आन्तरिक राजश्व खातामा तोकिएको रकम जम्मा गरी नेपाल सरकारको सार्वजनिक खरिद अनुगमन कार्यलयको website: www.bolpatra.gov.np बाट बोलपत्र फाराम Download गरी मुअ.कर र अग्रीम आयकर समेतको कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं.३०३०१००३०३००००४ (ग-३) मा जम्मा गरेको सक्कलै बैंक भौचर वा शिलबन्दी दरभाउपत्र को हकमा कम्तिमा ७५ दिन र बोलपत्रको हकमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यलयको नाममा जारी गरेको बैंक जमानत (विड वन्ड) संलग्न राखी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

आवश्यक कागजातहरु

- फर्म दर्ताको प्रमाणित प्रतिलिपी
- फर्म नवीकरणको प्रमाणित प्रतिलिपी
- मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

| ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक अंक वार्षिक रु. (मू.अ.कर र अग्रीम आय कर बाहेक) | शीलबन्दी/वोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| ER/001/2083/084 | नगर क्षेत्र भित्र तोकिएको स्थानमा पार्किङ्ग शुल्क संकलन | ९९०,०००।०० | १०००।०० | शीलबन्दी दरभाउपत्र |
| ER/002/2083/084 | नगरपालिका क्षेत्रबाट निकासी हुने जडिबुटी, कवाडी, जीवजन्तुकर संकलन | ६,५०,०००।०० | १०००।०० | शीलबन्दी दरभाउपत्र |
| ER/003/2083/084 | रानीमहलको प्रवेश शुल्क संकलन गर्ने | ९९,००,०००।०० | ३०००।०० | वोलपत्र |
| ER/004/2083/084 | बिज्ञापन कर उठाउने | ८,००,०००।०० | १००००।०० | शीलबन्दी दरभाउपत्र |